सर्वोच्च अदालत, संयुक्त इजलास
मानेनीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश
०७७-WO-१२३६
विषयः उत्प्रेषण।

रुपा सुनार ........................................................................................ निवेदक

विरुद्ध

कृष्ण गोपाल श्रेष्ठ, मन्त्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिहंदरबार काठमाडौंसमेत ........................................................................................ विपक्षी

अन्तरिम आदेश जारी हुने वा नहुने भन्ने विषयमा छलफलको लागि पेस हुन आएको प्रस्तुत निवेदन साथ संलग्न मिसिल कागजात अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी र विद्वान् अधिवक्ताहरु श्री गोविन्द बन्दी, श्री डालकुमार विश्वकर्मा, श्री पंकजकुमार कर्ण, श्री पृथ्वीनाथ राई, श्री मोहन साशंकर, श्री मोहना अन्सारी, श्री श्यामकुमार विश्वकर्मा, श्री बद्रीप्रसाद भुषाल, श्री प्रकाश नेपाली, श्री शैलेन्द्र अम्बेडकर, श्री यमकुमारी ददेल र विपक्षी जिल्ला सरकारी वकील कार्यालय काठमाडौंसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी तथा विपक्षी सरस्वती प्रधानको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामजी विष्ट, विद्वान् अधिवक्ताहरु श्री भ्रमण श्रेष्ठ, श्री विजयराज शाक्य, श्री महेन्द्रबहादुर श्रेष्ठ, श्री जुंजुकाजी महर्जन, श्री कैलास सुब्बा, श्री नरेश श्रेष्ठ, श्री राजकुमार सुवाल, श्री छन्दप्रसाद आचार्य, श्री राजु शाक्य र श्री षटकोण श्रेष्ठले गर्नुभएको बहससमेत सुनियो।

यसमा निवेदकले विपक्षी सरस्वती प्रधानले म उपर जातीय विभेद र छुवाछुतजन्य व्यवहार गर्नु भएकोले निजका विरुद्ध जाहेरी दर्खास्त दिएको थिएँ। अनुसन्धानको क्रममा निजलाई मिति २०७८।३।६ मा पक्राउ गरेकोमा विपक्षी जिल्ला सरकारी वकील



Scanned with CamScanner

कार्यालय, काठमाडौंको निर्देशनमा निज सरस्वती प्रधानलाई मिति २०७८।३।९ गते हिरासतबाट छोडिएको र नेपाल सरकारका बहालवाला शिक्षामन्त्री विपक्षी कृष्णगोपाल श्रेष्ठले प्रहरी परिसरमा गई अनुसन्धान अधिकारीलाई हस्तक्षेप गरी आफ्नो गाडीमा बसाली घरमा लगेकोले निजका विरुद्धसमेत जातीय छुवाछुतको कसुरमा जाहेरी दिएकोमा उक्त जाहेरी दर्ता गर्न इन्कार गरेकोले उक्त जाहेरी दर्ता गरी अनुसन्धान गर्न, गराउन सरस्वती प्रधानलाई जमानतमा छाड्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी उक्त निर्णयको जानकारी निवेदकलाई दिन तथा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाई सोको प्रगति प्रतिवेदन अदालतमा पेस गर्न लगाउने समेतका आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी रहेको पाइन्छ। साथै निवेदकले विपक्षी सरकारी वकील कार्यालयले मेरो मोबाइल नियन्त्रणमा लिन भनी दिएको निर्देशनबाट मेरो गोपनियताको हकमा आघात पुगेकोले उक्त निर्देशन तत्काल कार्यान्वयन नगर्नु, नगराउनु भन्ने समेतको अन्तरिम आदेशसमेत माग गरेको देखिन्छ।

यस अदालतको मिति २०७८।०३।२३ को आदेशमा जातीय छुवाछुत र भेदभावको कार्य संविधान र कानूनले बर्जित गरेको र दण्डनीय अपराध मानेको, छुवाछुत तथा भेदभावको विरुद्धको हकलाई नेपालको संविधानको धारा २४ ले प्रत्येक व्यक्तिको मौलिक हकको रुपमा सुरक्षित गरेको र रिट निवेदकले आफू विरुद्ध जातको आधारमा छुवाछुतको भेदभाव गरिएकोले कानूनबमोजिम अनुसन्धान गरी दोषी माथि कारवाही होस् भन्ने माग गर्नु निवेदकको कानूनी अपेक्षाको विषय रहेको एवम् निवेदकलाई न्याय दिनु राज्यको कर्तव्य रहेको हुँदा सो सम्बन्धमा के कसो भएको छ? कसरी अनुसन्धान अघि बढिरहेको छ। दुवै पक्षबीच छलफल गरी अन्तरिम आदेश जारी हुने नहुने विषयको निक्यौल गर्नुपर्ने भनी उल्लेख भए बमोजिम प्रस्तुत निवेदन आज पेस भई आएको देखियो।

अब निवेदन मागबमोजिम अन्तरिम आदेश जारी हुनुपर्ने वा नपर्ने के रहेछ भनी सो सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक शिर्षक अन्तर्गत उपधारा (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने, उपधारा (३) मा उत्पत्ति ,जातजाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जातजाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने र उपधारा (५) मा त्यस्तो भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानूनबमोजिम दण्डनीय हुने भनी छुवाछुत तथा भेदभाव



Scanned with CamScanner

विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। छुवाछुत तथा भेदभाव विरुद्धको हक हाम्रो संविधानले सुनिश्चित गरेको समानताको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, दलितको हक, वैयक्तिक स्वतन्त्रताको हक र व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक लगायत मानव अधिकार र मौलिक हकको प्रत्याभूतिको समग्रतामा अन्योन्याश्रित रहेको देखिन्छ। छुवाछुत लगायत सबै प्रकारका जातीय विभेद र उत्पीडनको अन्त्य गरी मानव मर्यादा एंव सामाजिक सुसम्बन्ध र सहिष्णुतामा आधारित सभ्य र समतामुलक समाजको निर्माण गरी सामाजिक न्यायको सुनिश्चिततामा नेपालको संविधानमा अन्तर्निहित पवित्र भावना प्रतिविम्बित भएको देखियो।

संविधानप्रदत्त उल्लिखित मौलिक हक प्रत्येक व्यक्ति अधिकार र मानवीय मर्यादामा समान हुने (All human beings are born free and equal in dignity and rights) भन्ने मान्यतामा आधारित छ। यही मान्यतालाई आत्मसात गर्दै राज्यले उत्पत्ति, जातजाति, वंश, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्था लगायतका कुनै पनि आधारमा हुने जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव अन्त्य गर्न जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ बनाई लागू गरेको समेत देखिन्छ। उक्त ऐनको दफा ३ समेतका प्रावधानले कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव गर्न गराउन निषेध गरेको र त्यस्तो कार्य गर्न कुनै प्रकारको मद्दत पुऱ्याउने, दुरुत्साहन गर्ने, उक्साउने वा उद्योग गरेमा समेत सो ऐन अन्तर्गतको कसुर गरेको मानिने व्यवस्था गरेको देखियो/ साथै त्यस्तो कसुरमा सार्वजनिक पद धारण गरेको व्यक्तिको संलग्नताले कसुरको गम्भीरता अरु बढी संवेदनशील बन्न पुग्ने देखिन्छ। धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाज समेतका नाममा व्यक्तिको सम्मान र प्रतिष्ठामा आँच पुऱ्याउने कार्य स्वीकार्य हुन सक्दैन। जातीय आधारमा हुने निषेध, प्रतिबन्ध, बहिष्कार, अवहेलना वा हेलाहोचो जस्ता असामाजिक र अमानवीय एवम् भेदभावजन्य कार्य कानूनको दृष्टिमा सदैव दण्डनीय रहन्छन्। संविधानले परिकल्पना गरेको मानव मर्यादा र सहिष्णुतामा आधारित सभ्य र समता मुलक समाजको निर्माणका लागि यस्ता कसुरको अनुसन्धान र अभियोजनमा राज्यका निकायहरु अत्यन्त जिम्मेवार र संवेदनशील बन्नुपर्छ।

यी निवेदिकाले विपक्षी मध्येकी सरस्वती श्रेष्ठको घरमा कोठा भाडामा लिने प्रयोजनका लागि भएको संवादमा आफूलाई अमुक जाति भएकै कारण कोठा दिन इन्कार गरेको र उक्त कार्य जातीय छुवाछुतको कसुर भएको भनी निज विरुद्ध प्रहरी कार्यालयमा जाहेरी दिएको देखिन्छ। घर आवास लगायतका व्यक्तिको निजी सम्पत्ति अनतिक्रम्य हुने र प्रचलित कानून विपरीत नहुने गरी उक्त सम्पत्तिको स्वेच्छाले उपभोग गर्न पाउने हक सम्बन्धित सम्पत्तिको स्वामीमा रहन्छ। यो व्यक्तिको वैयक्तिक स्वतन्त्रताको विषय पनि



Scanned with CamScanner

हो। संविधानप्रदत्त मौलिक हकमध्ये एउटाको तुलनामा अर्कोलाई कम महत्वको रुपमा लिन मिल्दैन। तथापि, संविधानप्रदत्त कुनै पनि हकको उपभोगको सन्दर्भमा समेत जातीय आधारमा छुवाछुत, निषेध वा भेदभावजन्य कार्य गर्न संविधान एवम् प्रचलित कानूनले कोही कसैलाई छुट दिंदैन। यी निवेदिकाले दिएको जाहेरी दरखास्त अनुसन्धानको क्रममा नै रहेको देखिन आएको र उक्त जाहेरीमा उठाएको विषयवस्तुको संवोधन सोही अनुसन्धानको प्रक्रियाबाट हुने हुँदा देहायको विषयमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) अनुसार विपक्षीहरुका नाममा निम्न बमोजिमको अन्तरिम आदेश जारी गरी दिएको छः

१. यी निवेदिकाले विपक्षी सरस्वती श्रेष्ठउपर दायर गरेको जाहेरी दरखास्तमा आवश्यक अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णय भईसकेको नदेखिएकोले उक्त जाहेरीउपर निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी जो, जे बुझ्नुपर्छ बुझी २५(पच्चिस) दिनभित्र अनुसन्धान कार्य सम्पन्न गरी त्यस्तो अनुसन्धान तथा अभियोजन गर्नुपर्ने नपर्ने सम्बन्धमा समेत आवश्यक निर्णय गरी सोको जानकारी निवेदिकालाई दिने।

२. विपक्षी सरस्वती श्रेष्ठ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम हिरासतबाट हाजिर जमानीमा छुटेको देखिएको र नेपालको संविधानको धारा २१(१) तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ७(१)(झ) बमोजिम के कुन निर्णय वा आधारबाट हाजिर जमानीमा छुटेको हो सोको जानकारी यी निवेदिकालाई दिने।

३. निवेदिकाले सरस्वती श्रेष्ठ विरुद्ध दायर गरेको जाहेरी दरखास्त अनुसन्धानकै क्रममा रहेको र निज सरस्वती श्रेष्ठ हिरासत मुक्त हुँदाको अवस्थामा मन्त्रीको सार्वजनिक पदमा बहाल रहेका विपक्षी कृष्ण गोपाल श्रेष्ठ उपस्थित भई हिरासतबाट निजलाई मन्त्रीको सरकारी सवारी साधनमा लगी गएको भन्ने मिसिलबाट देखिएको र उक्त कार्यले मुद्दाको अनुसन्धान प्रक्रिया प्रभावित तुल्याएको भनी यिनै निवेदिकाले निज कृष्ण गोपाल श्रेष्ठ विरुद्ध दिएको जाहेरी दरखास्त रितपूर्वक दर्ता भएको नपाइएकोले सो जाहेरी दरखास्त दर्ता गरी निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्नु गराउनु।

४. निवेदिकाले विपक्षी प्रहरी कार्यालयले निरन्तर आफ्नो मोबाइल फोन पेस गर्न दबाब दिएको भन्ने बेहोरा उल्लेख गरेको र महानगरीय प्रहरी वृत्तको मिति २०७८।३।१५ को पत्रबाट मोबाइल पेस गर्न अनुरोध गरेको अनुसन्धान मिसिलबाट देखिएकोले उक्त मोबाइल अपराध अनुसन्धानका क्रममा आवश्यक पर्ने भएमा निजहरुबीच भएको संवादका सम्बन्धमा मात्र सीमित रही मोबाइलमा भएको यी निवेदिकाको अन्य व्यक्तिगत सूचना वा तथ्याङ्कमा पहुँच नहुने र निवेदिकाको गोपनियताको हकमा कुनै किसिमको दखल नपुग्ने गरी यस



Scanned with CamScanner

अदालतको सूचना प्रविधि महाशाखाको कम्तिमा अधिकृत स्तरको सूचना प्रविधि विज्ञ, निवेदिका र निवेदिकाले इच्छाएको सूचना प्रविधि विज्ञ एवम् निजको कानून व्यवसायीसमेतको रोहवरमा मात्र अनुसन्धान अधिकारीले निवेदिकाको मोबाइलमा पहुँच गर्नसक्ने व्यवस्था मिलाउने।

५. निवेदिकाले जाहेरी दरखास्त दिएकै कारण निजको जिउज्यानको सुरक्षामा जोखिम बढेको भनी निजका कानून व्यवसायीहरुले इजलासलाई अनुरोध गरेको र निवेदनमा उठाइएको विषयवस्तुको संवेदनशीलता र गम्भीरतालाई विचार गर्दा निजको जिउज्यानको सुरक्षामा कुनै किसिमको आँच आउन नदिन निवेदिका रुपा सुनारको आवश्यक सुरक्षाको व्यवस्था गर्नु भनी प्रहरी प्रधान कार्यालयलाई र सो विषयको अनुगमन गर्नु भनी राष्ट्रिय मानव अधिकार आयोगलाई लेखी पठाउनु।

६. निवेदनमा उठाइएको विषयवस्तुको प्रकृति र गम्भीरतालाई हेर्दा मुद्दाको अनुसन्धानलाई प्रभावित बनाउने वा अन्य कुनै पनि किसिमले विभिन्न जात जाति वा समुदायका बीचको सामाजिक सुसम्बन्ध खलल पार्ने वा सामाजिक सदभाव भड्किने वा पारस्परिक सहिष्णुतामा प्रतिकूल असर पर्ने कुनै पनि समाचार वा सूचना वा श्रव्यदृष्य वा पाठ्य सामाग्री उत्पादन, प्रचार, प्रसार वा प्रकाशन र प्रसारण नगर्नु, नगराउनु भनी आम सञ्चार जगतको ध्यानाकर्षण गराइएको छ। सोको कार्यान्वयनको लागि प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघलाई लेखी पठाउने।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७८ साल असार ३१ गते रोज ५ शुभम् ...................................... ।

Scanned with CamScanner